सम्पत्ति विवरण समयमैं
बुझाऔं जरिवानाबाट बचौं ।
- सार्वजनिक पद धारण गरेको व्यक्ति तथा राष्ट्रसेवकले आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरौं ।
- आर्थिक वर्ष शुरू भएको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण तोकिएको निकायमा पेश गरौं ।
- भ्रष्टाचारमा शून्य सहनशीलता अपनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com

kirloskar
Oil Engines


अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३६ ❖ २०७९ भदौ २९ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 September 14 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २८

## एकअर्कालाई निलम्बन गर्दै बारा काङ्ग्रेस

प्रस, वीरगंज, २८ भदौ/

बारा जिल्ला नेपाली काङ्ग्रेसमा भाँडभैलो मचिएको छ। सङ्घ र प्रदेशको निर्वाचनअघिदेखि दुई गुटमा विभाजित बारा काङ्ग्रेसमा अहिले झनै भाँडभैलो मचिएको हो।


शम्भु बुडाथोकी


राजेश यादव

नेपाली काङ्ग्रेस बारा जिल्ला कार्यसमितिको निर्वाचनपछि बारा काङ्ग्रेस दुई समूहमा विभाजित भएर कार्य गर्दै आएको परिणाम स्थानीय चुनावमा अन्तर्घात भयो भने मङ्सिरमा हुने सङ्घ तथा प्रदेशको चुनावमा पनि अन्तर्घात हुन सक्ने सम्भावना बढेको छ।

भर्खरै सङ्घ र प्रदेशको निर्वाचनको लागि बारा काङ्ग्रेसबाट दुई समूहले छुट्टाछुट्टै उम्मेदवारहरूको नाम सिफारिश गरेका थिए। सहमहामन्त्री फरमुल्लाह मन्सुर र अर्का सहमहामन्त्री तथा खानेपानीमन्त्री उमाकान्त चौधरी समूहबीचको झगडा अहिले सतहमा आएको छ। उम्मेदवारी सिफारिशपछि अहिले अनुशासन समितिको नाममा कारबाई पनि भिन्दाभिन्दैरूपमा गरिएको छ। नेका जिल्ला कार्यसमिति, बाराका अध्यक्ष राजेश यादवको कार्यसमितिले विनोदमणि मण्डलको अध्यक्षतामा अनुशासन समिति गठन गरेको थियो। सो अनुशासन समितिले बारा काङ्ग्रेसका सभापति यादवसँग प्रतिस्पर्धा गरेको र पराजित भएपछि स्थानीय चुनावमा निजले असहयोग गरेको भन्दै निजगढ नगरपालिकाको स्थानीय चुनावमा पार्टीको आधिकारिक उम्मेदवार सुरेश खनालविरुद्ध लागिपरेको भनेर शम्भु बुडाथोकीलाई अनुशासनको कारबाई गर्दै पार्टीको साधारण सदस्यसमेत नरहने गरी निलम्बन गरेको थियो।

पार्टीको आधिकारिक समितिबाट बुढाथोकीलाई कारबाई भएपछि अर्को समूहले अरुण यादवको संयोजकत्वमा अनुशासन समिति बनाएर सहमहामन्त्री एवं खानेपानीमन्त्री चौधरीसहित पूर्वसभासद् राधेचन्द्र यादव र क्षेत्रीय सभापति रामेश्वरप्रसाद यादवलाई मङ्गलवार निलम्बन गरेको छ।

अनुशासन समिति बाराका संयोजक अरुण यादवले स्थानीय चुनावमा मन्त्री चौधरीले सिम्रौनगढ नगरपालिकामा नेकाबाट प्रमुखका प्रत्यासी विजयशङ्कर यादवविरुद्ध लोसपाका उम्मेदवारलाई मत दिलाउन सहयोग गरेको र पूर्वसांसद यादव र क्षेत्रीय सभापति यादवले महागढीमाई नगरपालिकामा नेकाका उम्मेदवार उपेन्द्रप्रसाद यादवविरुद्ध जसपाका उम्मेदवारलाई मत दिलाउन सहयोग गरेको आरोपमा निलम्बन गरिएको जनाएको छ।

रमाइलो कुरा के छ भने, सहमहामन्त्रीद्वय अन्सारी र चौधरी नेका सभापति शेरबहादुर देउवा पक्षीय हुन्। केन्द्रमा दुवै देउवा पक्षीय भएपनि जिल्लामा आआफ्नो हैकम बनाउनका लागि एकअर्काविरुद्ध लागिपरेका छन्।

## दिल्ली पैदल पुगेका मुन्ना वीरगंज फर्के

प्रस, वीरगंज, २८ भदौ/

वीरगंजबाट दिल्लीसम्म एक हजार ६० किलोमिटर पैदल यात्रा पूरा गरेर वीरगंज महानगर–२ छपकैयाका युवक शेख मुन्ना ३९ दिनपछि मङ्गलवार वीरगंज आइपुगेका छन्।

गत साउन २१ गते वीरगंजबाट दिल्लीसम्म उनले पैदल यात्रा शुरू गरेका थिए। पैदल यात्रा शुरू गरेको २२औं दिन उनी भारतको राजधानी नयाँ दिल्ली पुगेको भारतस्थित नेपाली राजदूतावास लगायत स्थानीय विभिन्न सङ्घसंस्थाहरूले स्वागत गरेका थिए।

नेपाललाई विश्वमा चिनाउन, पर्यटन प्रवर्द्धन गर्न र दुई देशबीचको रोटी–बेटी र जन–जनको सम्बन्धलाई अझ प्रगाढ बनाउन आफूले दिल्लीसम्मको पैदल यात्रा पूरा गरेको मुन्नाले बताए। उनले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले दश



तस्वीरः प्रतीक

दिनपछि भेट गर्ने समय दिएको बताए। नेपालस्थित भारतीय राजदूतावासले दश दिनपछि सूचना दिने र त्यसपछि आफू भारतीय प्रधानमन्त्रीसँग भेट गर्न पुनः भारत जाने बताए।

मुन्ना आज वीरगंज आइपुग्दा उनलाई वीरगंजवासीले मितेरीपुलमा भव्य स्वागत गरेका थिए।

## पेट्रोलियम ढुवानी व्यवसायी सङ्घ आन्दोलित

प्रस, वीरगंज, २८ भदौ/

नेपाल पेट्रोलियम ढुवानी व्यवसायी सङ्घ, केन्द्रीय कार्यालय, काठमाडौंले मङ्गलवारदेखि आन्दोलन घोषणा गरेको छ।

महासङ्घका अध्यक्ष खगेश्वर बोहराले विज्ञप्ति जारी गरी विराटनगर, जनकपुर, बर्दिबास, वीरगंज, हेटौंडा, वाग्मती, पोखरा, भैरहवा, नेपालगंज, धनगढीका संस्थाहरूमार्फत सञ्चालित पेट्रोलियम पदार्थ ढुवानी, लोडिङ कार्य आजदेखि बन्द गरिएको बताए। उनले अमलेखगंज डिपोबाट अन्यत्र डिपोमा जाने पेट्रोलियम पदार्थ लोडिङ नगर्ने, असोज १ गतेदेखि देशभरका डिपोहरूमा लोडिङ/अनलोडिङ नगर्ने पूर्ववत् निर्णय रहेको बताए।

भदौ २२ गतेको निर्णय अनुसार भदौ


तस्वीरः प्रतीक

२४ गतेदेखि भारतबाट पेट्रोलियम पदार्थ ल्याउन पिडिओ नलिने कार्यक्रम सफलतापूर्वक सम्पन्न भइरहेको र देशभरिका कुनै पनि क्षेत्रबाट माग पूरा नहुन्जेल पिडिओ नलिने उनले बताए। असोज २ गते आन्दोलनका थप कार्यक्रमहरू तय गरिने उनले जानकारी गराएका छन्।

अध्यक्ष बोहराले निगमले सञ्चालन खर्च बेहोर्ने गरी ढुवानी गर्न चाहेमा ट्याङ्कर उपलब्ध गराइने बताए। केन्द्रीय आह्वान अनुसार आज वीरगंजका पेट्रोलियम व्यवसायीहरूले आइसिपीबाट ट्याङ्कर भित्र्याएनन्। उनीहरूले माग पूरा नहुन्जेल केन्द्रीय आन्दोलन अनुसार कार्यक्रमलाई निरन्तरता दिइने बताए।

## ठोरीको पशु हाटबजारले गति लिंदै

प्रस, वीरगंज, २८ भदौ/

भदौ २३ गतेदेखि पर्सा जिल्लाको ठोरी गाउँपालिकामा सञ्चालनमा आएको

पशु हाटबजारमा अहिले भैंसी, पाडाहरूको खरीद–बिक्री भइरहेको र भविष्यमा आवश्यकता अनुसार अन्य

पशुपालकहरूले निकै दुःख सहनुपरेको बताए। बाराको जीतपुर, परवानीपुरसम्म ठोरीबाट पशु लैजाँदा प्रहरी प्रशासनको


गापा अध्यक्ष श्रेष्ठ, बजार समितिका अध्यक्ष सिलवाल र स्थानीय प्रेम श्रेष्ठ। तस्वीरः नितेश कर्ण

पशु हाटबजारले बिस्तारै गति लिंदैछ। साताको सोमवार र बिहीवार सञ्चालन हुने पशु हाटबजार अहिले उद्घाटनपछि दुईपटक लागिसकेको छ।

पशुहरू र तरकारी बजारको रूपमा पनि विस्तार गर्न सकिने गापा अध्यक्ष लालबहादुर श्रेष्ठले बताए। उनले ठोरीमा पशु हाटबजार नहुँदा स्थानीय

झमेला सहनुपर्ने र अहिले पशु हाटबजार सञ्चालनमा आएपछि स्थानीय किसानहरूलाई सहज भएको र केही युवाहरूले रोजगार पाएको बताए।

पशु हाटबजार समितिका अध्यक्ष हरि सिलवालले तत्काल बजार निश्शुल्करूपमा सञ्चालन गरिएको र बजार विस्तार भएसँगै शुल्क निर्धारण गरिने र समिति तथा गापा दुवैलाई फाइदा हुने बताए। उनले पशु हाटबजारमा हाल ४०–५० वटा पशुलाई बिक्रीका लागि ल्याइने गरेको बताए। ठोरी, जीराभवानी, पटेर्वासुगौली र चितवनको माडीसमेतबाट पशु ल्याउने सम्भावना रहेको उनले बताए।

स्थानीय पशुपालक प्रेम श्रेष्ठले ठोरीमा पशु हाटबजार सञ्चालन भएपछि आफूहरूलाई फाइदा भएको बताए। उनले ठोरीका विभिन्न स्थानमा पशुपालन गर्ने किसानहरूलाई बाराको परवानीपुर, जीतपुर पशु हाटबजार जानुपर्ने अवस्था समाप्त भएको र सो क्रममा बाटोमा हुने प्रहरीको दुःखबाट पनि मुक्त भएको बताए।

## चारजना काठ तस्कर पक्राउ

प्रस, बिरुवागुठी, २८ भदौ/

पर्साको राष्ट्रिय वनबाट सालको काँचो रूख कटान गरी गोलिया बनाउँदै गरेको अवस्थामा मङ्गलवार साँझ वन गस्ती टोलीले चारजना काठ तस्करलाई पक्राउ गरेको छ।

सबडिभिजन वन कार्यालय, बडनिहारका जमदार जीतबहादुर तामाङको कमान्डमा खटेको वन गस्ती टोलीले गस्ती गर्ने क्रममा तस्करहरूले सालको रूख कटान गरी गोलिया बनाउँदै गरेको अवस्थामा जङ्गलबाटै चारजनालाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा पर्सागढी नगरपालिका वडा नं ३ झबराहा निवासी अशोक महतो धागड, सुकलदेव महतो उराव, जनतकुमार महतो उराव, सूर्यनारायण



महतो उराव रहेका छन्।

उनीहरूको साथबाट गोलिया लोड गर्ने पाँच थान साइकलसमेत नियन्त्रणमा लिएको र एकजना तस्कर भाग्न सफल भएको तथा पक्राउ परेकाहरूलाई आवश्यक कारबाहीको लागि डिभिजन वन कार्यालय वीरगंज पठाइएको जमदार तामाङले जानकारी दिए।

## विश्वकर्मा पूजामा माटोको मूर्तिको रौनक घट्दै

नितेश कर्ण, वीरगंज, २८ भदौ/

असोज १ गते हुने विश्वकर्मा पूजालाई

विगतका वर्षहरूमा ठूलो परिमाणमा मूर्ति बिक्री हुँदै आएपनि पछिल्ला केही

पेशामा संलग्न रहँदै आएका छन्। यसपटक मूर्तिको मूल्य ७०० देखि चार


मूर्तिकार रामराज प्रजापतिले बनाएका विश्वकर्मा भगवान्को मूर्ति। तस्वीरः प्रतीक

लक्षित गरेर मूर्ति बनाउने कार्य जारी छ। एक महीनाभन्दा बढी समय लगाएर मूर्तिकारहरूले विश्वकर्मा भगवान्को मूर्ति बनाउने गर्छन्।

प्रत्येक वर्ष असोज महीनाको १ गते (सेप्टेम्बर १७)का दिन विश्वकर्मा भगवान्को पूजा गरिंदै आइएको छ। विक्रम संवत्को असोज १ गते र ईस्वी संवत्को सेप्टेम्बर १७ तारिख अनुसार मनाइने विश्वकर्मा भगवान्को पूजाको मिति अहिलेसम्म परिवर्तन भएको छैन। अन्य पर्वहरू तिथि र मितिले हेरफेर हुने हुँदा प्रत्येक वर्ष गते र तारिख फरक–फरक पर्ने गरेका छन्।

यसपालि वीरगंजको मुर्ली, रानीघाट, श्रीपुरलगायतका क्षेत्रमा मूर्तिकारहरूले विश्वकर्मा भगवान्कोको मूर्ति बनाइरहेका छन्।

वर्षदेखि कलकारखानाहरू बढे पनि मूर्तिको बिक्री भने घटेको छ। वीरगंजको मुर्लीमा तीन वर्षदेखि विश्वकर्मा भगवान्को मूर्ति बनाउँदै आएका स्थानीय मूर्तिकार रामराज प्रजापति मूर्तिको दाम र काम दुवै घटेको बताउँछन्। गत वर्ष उनले सय वटा विश्वकर्मा भगवान्को मूर्ति बनाएका थिए भने यसपटक ७० वटा मात्र बनाएका छन्। ७० वटामध्ये अहिलेसम्म आधा मात्र बूकिङ भएको प्रजापतिले बताए।

७० वटा मूर्ति बनाउनका लागि ५० हजार रुपैयाँ खर्च लागेको र एक महीना श्रम गर्नुपरेको उनले बताए। लगानी अनुसार मुनाफा हुने कुरामा उनले सन्देह व्यक्त गरे। तीन वर्षदेखि मूर्ति बनाउँदै आएकोले यस वर्ष पनि मूर्ति बनाएको उनले बताए। अन्य बेला उनी अन्य

हजार रुपैयाँ तोकिएको छ। उद्योग, कलकारखानाहरूमा बढी मूर्ति खपत हुने गरे पनि अधिकांश उद्योग, कलकारखानामा विश्वकर्मा भगवान्को प्रतिमा नै स्थापित भएकाले मूर्तिको बिक्रीमा कमी आएको हो। त्यस्तै, विगत केही वर्षदेखि विश्वकर्मा पूजा सीमित मात्रामा मनाइँदै आइएको छ। यसअघि वीरगंजका टोलटोलमा विश्वकर्मा पूजा गरिन्थ्यो।

रिक्शा, टाँगा, टेम्पो, ईरिक्शा, सिटीराइड, म्याजिक, बस, ट्रक, उद्योग, कलकारखानाहरूले विश्वकर्मा पूजा धूमधामका साथ मनाउने गरे पनि अहिले मूर्ति राखेर पहिलेजस्तो पूजा गर्ने चलनमा कमी आएको छ। जसले गर्दा माटोबाट बनाइएको विश्वकर्मा भगवान्को मूर्तिको बिक्रीमा कमी आएको हो।

## विचारसार र सूक्तिहरू

आफ्नो पुरुषार्थले अर्जित ऐश्वर्यको नै अर्को नाम भाग्य हो।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# सतर्कता कि हिंसा–पोषण

मानिसले सतर्क रहनुपर्छ, भवितव्यप्रति पनि र सामयिक दुर्घटनाप्रति पनि। भवितव्य निरन्तर भइरहँदैन, यसर्थ यसप्रति विशेष चनाखो हुनु जरूरी हुन्छ,जस्तै–बाढी पहिरो, आगलागी, भुइँचालो वा कुनै दुर्घटना। सामयिक दुर्घटना भने भइरहने हुँदा यसमा एकजना वा दुईजनाभन्दा पनि समग्र समाजको चनाखोपन आवश्यक हुन्छ। जस्तै कुनै महामारी। हामीले भर्खरै कोरोना महामारी भोग्यौं। यसमा हामी चनाखो त भयौं तर अलि ढिलो। त्यसैगरी मौसम अनुसार लाग्ने रोगहरूप्रति हाम्रो चेतना बढेसँगै चनाखो हुँदै जान थालेका छौं। अहिले डेंगु सङ्क्रमणले तर्साएको छ। त्यसैगरी अहिले तराई क्षेत्रमा बच्चा चोरी हुने आतङ्क व्याप्त छ। यसले गर्दा हामी यति आत्तिएका छौं कि दसी–प्रमाण नभए पनि शङ्का मात्रको भरमा धेरै महिलाहरूलाई यातनाको शिकार बनाइरहेका छौं। किनभने यहाँ रिस पोख्ने र दमित हिंसा प्रदर्शनको माध्यम उपलब्ध छ। डेंगुरोगको माध्यम लामखुट्टे भएकोले त्यसलाई उन्मूलन गर्नेगरी मार्ने हाम्रो हिंसक मनोवृत्ति देखिन्छ। कोरोनाप्रति त्यस्तो कुनै माध्यम हामीले फेला पार्न सकेनौं। त्यसैले धेरैले स्वास्थ्य मापदण्ड पालना गरेपनि केहीले गरेनन् र रोगको चपेटमा परे।

कुरा गरौं बच्चा चोरी गर्नेप्रति फैलिएको हल्लाको। भारतको कुनै अन्कन्टार ठाउँमा एक दुई घटना भयो। नेपालमा कुनै बच्चा चोरी भएको एउटा पनि घटना भएको छैन, तर हाम्रो सतर्क दिमागले ठाउँ–ठाउँमा छानीछानी महिलाहरूलाई यातना दिने काम भने शुरू गरिसकेको छ। कुनै हल्ला सुनेपछि सतर्क हुनु मानवीय स्वभाव हो, तर प्रमाणविना कसैमाथि दोषारोपण गरिहाल्नु मात्र होइन, दण्ड दिन उत्ताउलो हुनु चाहिं मानवीयता होइन। बारा जिल्लामा अस्ति यस्तै आक्षेप खेपेर निर्घात कुटाइमा परेकी महिलाबारे के भन्ने ? उनकी नातिनीलाई, जसले आफ्नो घर लग्यो उसैले हजुरआमालाई बच्चा चोर भनेर टाउको फुटायो। बच्चालाई सडकमा उभ्याएर छेउको धारामा पानी खान गएकी महिलालाई आफ्नै नातिनी चोरेको दोष लगाइयो। यो अति सतर्कताको नमूना हो वा महिलाविरोधी मानसिताको सहज प्रतिक्रिया, खुटचाउनु जरूरी छ। हामीकहाँ कुनै एउटा निहु चाहिन्छ, नारीलाई दोषी देखाउन समाज सबैभन्दा अगाडि देखा पर्छ। कसैलाई बोक्सी दोष लगाएर हतपत कुटपिट गरिहाल्नु यसैको परिणाम हो। वस्तुतः हाम्रो समाज पहिले महिला विरोधी छ र दोस्रो हिंसक मानसिकताबाट ग्रस्त छ। अवसर पाउनुपर्छ आफ्नो हिंसक प्रवृत्तिको प्रकटीकरण गरिहाल्छ। एकताका पाकेटमारहरूप्रति यस्तै प्रतिक्रिया दिइन्थ्यो। पाकेटमार पक्राउ परेपछि सुरक्षाकर्मीले दुई थप्पड के मारेको हुन्थ्यो, भीड उठेर उसलाई सास्ती दिन थाल्थ्यो। भीडलाई ऊसँग कुनै लेनादेना हुँदैनथ्यो। पाकेटमारी भएको व्यक्तिले रिसको झोंक एकदुई थप्पड लगाउनु छुट्टै कुरा हो।

विज्ञानले पनि भनेको छ मानिस सामाजिक पशु हो। पशु भनेको हिंसक, निर्दयी, कठोर, स्वार्थी हुनु हो। मानिसमा हुनुपर्ने स्वाभाविक विवेक विकसित नहुन्जेल मानिस स्वभावले नकारात्मक प्रवृत्तिहरूको गुलाम हुन्छ। उसले आफ्नो प्रवृत्तिको निकासको सरल र सुरक्षित बाटो खोज्छ। त्यसैले बोक्सीको आरोप लगाएर वा बच्चाचोरको आरोपमा कसैमाथि हिंसा गर्नु सुरक्षित हुन्छ। यसमा आरोपितबाहेक अरूले प्रतिक्रिया दिंदैन, प्रतिकार गर्दैन। खासगरी हाम्रो समाजका महिलाहरू [redacted]। अविवेकी समाजबीच बहादुर बन्न [redacted] गर्न पाइने भएपछि के चाहियो ?

# सन्दर्भ : विपी जन्म दिवस

प्रधानमन्त्री शेरबहादुर देउवाले कान्तिपुर कनक्लेभको उद्घाटन गर्दै मानव संसाधनमा लगानी, सामाजिक सुरक्षा प्रणालीको विस्तार तथा तीव्र आर्थिक उपलब्धि नै सरकारको प्राथमिकता भएको भनाइ राखिरहँदा त्यसपछि अर्थात् उद्घाटन सत्रका अन्य वक्ताले नेपालले आफ्नो प्रकृति एवं जलऊर्जाको भरपूर प्रयोग गर्नुको विकल्प नरहेको भनाइ प्रस्तुत गरेका थिए। यसै कनक्लेभको पहिलो दिनको सत्रमा भारतका पूर्व सुरक्षा सल्लाहकार शिवशङ्कर मेननले खस्कँदो आर्थिक अवस्थालाई इङ्गित गर्दै यो अवस्था दक्षिण एशियाको मात्र नभएको भन्दै आइएमएफ अनुसार विश्वका ५३ विकासशील मुलुकहरू ऋणको भारमा रहेको सार्वजनिक गरिसकेको बताए। यस विषयमा आत्तिनुपर्ने प्रसङ्ग के छ भने वर्षौंदेखि यो रोग लाग्दै गरेको भए पनि यसको उपचारको लागि उचित कदम चाल्न सकिएको छैन। विगतको वर्षहरू वा भनौं कोभिड, ऋणको पासो, वातावरण परिवर्तनलगायत अन्य समस्याहरू, जुन विकसित देशहरूका कारण सिर्जित भएका छन्, त्यसप्रति उनीहरूको अनुदार व्यवहारबाट अब उनीहरूबाट धेरै अपेक्षा राख्नु व्यर्थ हुनेछ भने। यस्तो व्यवहार र उपेक्षाका बावजूद चीन र अमेरिका तथा रूस र युक्रेनको नाममा युरोपबीच चलेको द्वन्द्वले दक्षिण एशियालाई रणनीतिक रणभूमि बनाएको छ र बिआरआई एवं एमसिसीबीच अल्झेको नेपालले यसलाई अनुभव गरिरहेको नै हुनुपर्छ भन्दै अब दक्षिण एशिया आर्थिकरूपमा एकबद्ध हुनु, भुक्तानी प्रणालीमा अनुकूल परिवर्तन, माग तथा मूल्य शृङ्खलाको विकास, ऊर्जा क्षेत्रको विकासका साथै सार्क एवं बिमस्टेकलाई पुनर्जीवन दिने, आन्तरिक दूषित राजनीतिको शुद्धीकरण र छिमेकीको भयबाट मुक्त हुनुपर्छ भने।

नेपालको सन्दर्भमा सबैभन्दा पहिले कृषिकै कुरा गरौं। नेपालमा खेतीयोग्य भूमिमा ३० प्रतिशतमा सिंचाइ सुविधा उपलब्ध छ भने १० प्रतिशतमा बोरिङबाट सिंचाइ सुविधा पुऱ्याइएको छ। कृषि क्षेत्रको जिडिआईमा योगदान २३.९५ प्रतिशत रहेको छ। तर प्रजातन्त्र स्थापनाको ३०–३२ वर्षमा कुनै ठूलो वा अर्थपूर्ण सिंचाइ योजना बनेर सेवा दिन सकेको छैन। अब वातावरणको कुरा गर्दा नेपालको वातावरणीय सन्तुलनमा मुख्य भूमिका खेल्ने चुरेको जङ्गलले नेपालको कुल भूभागको १२.७८ प्रतिशत ओगटेको छ भने यसको ७२.३ प्रतिशत भूभाग जङ्गलले ढाकिएको छ। तर तीव्र फडानी एवं गिट्टी, बालुवाको दोहनले यसको सन्तुलनको लागि चुरे संरक्षण कार्यक्रम नै सञ्चालन गरिएको भए पनि अपेक्षित सफलता प्राप्त हुन सकेको देखिंदैन। वायुमण्डलमा कार्बन डाइअक्साइड ग्याँसको मात्रा ४०० पिपिएम हुनुपर्नेमा यो कोभिडको कारण ५.६ ले घटेर पोस्ट कोभिड अवधिमा ४१३.२ पिपिएम रेकर्ड गरिएको छ जसले वायुमण्डलको तापक्रमलाई पेरिस सम्झौता अनुसार १.५ डिग्री सेल्सियसभन्दा बढीले बढाउन सक्छ। नेपालमैं पनि ४०–४४ प्रतिशत वनजङ्गल रहेको दाबी गरिरहँदा सन् १९८०–९० सम्म ०.८ डिग्री सेल्सियसले बढेको वायुमण्डलको तापक्रम १९९०–२०२० सम्म आइपुग्दा ०.१८ डिग्री सेल्सियसले बढ्न पुगेको छ। आज नेपालमा देखिएको प्राकृतिक आपदाहरू यसैका देन हुन्।

जल ऊर्जाको समेत कुरा गर्दा सम्पूर्ण विश्वमा सन् २०२० सम्म जम्मा जलऊर्जाको उत्पादन १३३० गिगावाट रहेको थियो जुन कुल विद्युत् उत्पादनको १७ प्रतिशत मात्र हुन आउँछ। पेरिस सम्झौता अनुसार सन् २०५० सम्म वायुमण्डलको तापक्रम १.५ डिग्री सेल्सियसभन्दा माथि जान नदिन थप १२ सय गीगावाट र २ डिग्री सेल्सियसभन्दा माथि जान नदिन कम्तीमा ८५० गीगावाट विद्युत् थप उत्पादन गर्नुपर्ने देखिन्छ। हाल उत्पादन भइरहेको जलऊर्जाको लागि बनाइएका बाँधहरूबाट बर्सेनि १ अर्ब टन ग्याँस उत्पादन भई वायुमण्डलमा जाने गरेको छ जसमा ८० प्रतिशत भाग मिथेन ग्याँसको हुन्छ।

यसरी शक्ति सन्तुलन, वातावरण र विश्वव्यापीकरणका कारण विश्व नै जोखिमयुक्त बन्दै गएको छ। यस्ता समस्या किन उत्पन्न भए भनेर चिन्तनका साथै उपायमाथि समेत विश्वव्यापीरूपमा अनुसन्धान भइरहेको बेला अमेरिकाकै हार्वर्ड विश्वविद्यालयका अर्थशास्त्री ड्यानी रोडिकलले विगत ४० वर्षदेखि प्रयोगमा रहेको विश्वव्यापीकरण, वित्तीयकरण र उपभोगवादी सिद्धान्तका कारण राष्ट्रहरूको कुल गार्हस्थ्य उत्पादन चामत्कारिकरूपमा बढेको भए पनि यसबाट आउने लाभ विकसित राष्ट्रका धनाढ्यहरूको पोल्टामा परेको र घाटा जति पहिलेदेखि नै जोखिममा रहेको आम मानिसको थाप्लो पारिएको जनाएका छन्। यससँग सम्बन्धित गुनासाहरूलाई सत्तामा बस्नेहरूले धनाढ्यहरूसँगको साँठगाँठका कारण वास्ता नगरेको अनुसन्धानबाट देखिएको छ। यसको फलस्वरूप नवउदारवादले धन बढाएको भए पनि वातावरणीय असन्तुलनका साथै प्राकृतिक स्रोतको जथाभावी दोहन हुन थाल्यो। छोटो समयमा धन सम्पदा बढाउन सक्नुलाई व्यवस्थापकीय निपुणताको नाम दिइयो, यसबाट वातावरण एवं प्राकृतिक स्रोत साधन पर्ने प्रभावतर्फ कसैको ध्यान गएन, जसले गर्दा ४० वर्षभित्र नै सम्पूर्ण विश्व बेहाल हुन पुगेको छ। यसको समाधानको लागि अब नयाँ मोडेल वा खाका सिर्जना गर्नुपर्ने जसमा उत्पादन एवं रोजगारका साथै स्थानीयता समावेश हुनुपर्ने उनको भनाइ छ।

संयोगवश यो पङ्क्ति लेखिरहँदा मलाई नेपाली काङ्ग्रेसका नेता विपी कोइरालाको सम्झना हुन पुग्यो र संयोग भनौं यो उनको जन्म दिवस सप्ताह पनि हो। हार्वर्डका अर्थशास्त्री ड्यानी फेडरिकले आज भनेको कुरा ६० वर्ष अगाडि नै विपीले नेपाली काङ्ग्रेसको झन्डामा चारवटा ताराहरूमा पाँचवटा धर्सो राखेर त्यसको व्याख्या गर्दै नेपालको समााजवादको केन्द्र नै महात्मा गाँधीको स्वराज अर्थात् शिक्षित, स्वावलम्बी एवं सुखी गाउँ थियो। फ्रेडरिकको स्थानीयता, गाँधीको स्वराज र विपीको शिक्षित, स्वावलम्बी एवं सुखी गाउँमा के फरक छ। तर हामीलाई त्यो मोडेल मन परेन किनभने त्यसबाट आम जनता समृद्ध हुन्थ्यो। आज जनताको थाप्लोमा ऋण बोकाएर आफैं धनवान् हुने नेताहरूको सामाजिक हैसियत भने इन्द्रजात्रामा काठमाडौंका जनताले देखाएका हुन् जस्तो लाग्छ। यसबाट पनि केही बोध भएको भए, विपीको नामबाट अङ्गीकार गर्न लाज लाग्ने भए, फ्रेडरिककै नामबाट स्थानीयता रोजगार र उत्पादनमुखी नीति अङ्गीकार गरे सबैको भलो हुनुका साथै विपी जन्म दिवसको अवसरमा उनीप्रति सच्चा श्रद्धा अर्पण गरेको ठहरिने छ।

स्वतन्त्र विचार



विनोद गुप्ता

**यसबाट पनि केही बोध भएको भए, विपीको नामबाट अङ्गीकार गर्न लाज लाग्ने भए, फ्रेडरिककै नामबाट स्थानीयता रोजगार र उत्पादनमुखी नीति अङ्गीकार गरे सबैको भलो हुनुका साथै विपी जन्म दिवसको अवसरमा उनीप्रति सच्चा श्रद्धा अर्पण गरेको ठहरिने छ।**

# मोटरसाइकल दुर्घटनामा छजना घाइते

प्रस, जनकपुरधाम, २५ भदौ/

धनुषा र सिराहा जिल्लामा सोमवार राति मोटरसाइकल दुर्घटनामा परी छजना घाइते भएका छन्।

सिराहाको धनगढीमाई नगरपालिका वडा नं ९ मुसहर्नियामा सोमवार राति करीब ८:३० बजेको समयमा मोटरसाइकलले साइकललाई ठक्कर दिंदा मोटरसाइकल चालकसहित तीनजना घाइते भएका छन्।

घाइते हुनेमा साइकलयात्री धनगढीमाई नगरपालिका–११ का १९ वर्षीय सुरज मगर, सोही साइकलमा पछाडि सवार २३ वर्षीय विष्णु महतो र मोटरसाइकल चालक धनगढीमाई नगरपालिका–५ जयपुरका बस्ने २४ वर्षीय रूपेशकुमार यादव छन्। साइकललाई ठक्कर दिएपछि मोटरसाइकल लडेको थियो।

घाइते तीनैजनाको उपचार भइरहेको छ। घाइतेमध्ये मोटरसाइकल चालकको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ।

बा.३१प ८०१७ नम्बरको मोटरसाइकलले सोही दिशाबाट जाँदै गरेको साइकललाई ठक्कर दिएको इलाका प्रहरी कार्यालय, धनगढीले जनाएको छ।

यसैगरी, धनुषा जिल्लाको जनकपुरधाम उपमहानगरपालिका वडा नं २ भानुचोकमा सोमवार राति मोटरसाइकलले पैदलयात्रीलाई ठक्कर दिंदा मोटरसाइकल चालकसमेत तीनजना घाइते भएका छन्।

घाइते हुनेमा पैदलयात्री जनकपुर उपमहानगरपालिका वडा नं १६ का रमेश चौधरी, उनका छोरा आठ वर्षीय आकाश चौधरी र मोटरसाइकल चालक सिराहाको सिराहा नगरपालिका वडा नं १२ निवासी दिनेशकुमार यादव छन्। घाइते तीनैजनाको धनुषा अस्पताल

(बाँकी पाँचौं पातामा)

# बाल अधिकार

पाठक मञ्च

सन् १९८९ मा बाल अधिकारसम्बन्धी महासन्धिले बालबालिकाहरूलाई 'अठार वर्षभन्दा कम उमेरको व्यक्ति' भनेर परिभाषित गरेको छ।

बाल बचाऊ, बाल विकास, बाल संरक्षण, बाल सहभागितालाई बाल अधिकार भनिन्छ। बाल अधिकार बालबालिकाहरूको जन्मसिद्ध वा नैसर्गिक अधिकार हो। आजका बालबालिका भविष्यका कर्णधार हुन्। बालबालिकाहरू शारीरिक तथा मानसिकरूपबाट अपरिपक्व हुन्छन्। जसले गर्दा उनीहरू आफ्नो स्याहार र सुरक्षा आफैं गर्न सक्दैनन्। त्यसैले सबै बालबालिकालाई विनाभेदभाव समान किसिमको स्याहार र सुरक्षाको आवश्यकता पर्दछ। बालकको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने काम बाल अधिकारले गर्न सक्नुपर्दछ। जन्मनासाथ बालकले पोषिलो खाने कुरा, मौसम अनुसारको कपडा लगाउन, शिक्षा आर्जन गर्न, चाहिंदो मात्रामा मनोरञ्जन गर्न पाउनुपर्छ। भर्खर जन्मिएको बालक अबोध हुन्छ, कसैको सहाराबाट हुर्कनुपर्छ र उसलाई कुन उमेर र अवस्थामा के चाहिन्छ भन्ने कुरा उसका अभिभावकले जान्नुपर्दछ। यदि एउटा बालक पाउनुपर्ने नैसर्गिक अधिकारबाट वञ्चित भयो भने ऊ बाल अधिकारबाट वञ्चित भएको बुझ्नुपर्दछ। यसो गर्नाले बालबालिकाको सबै क्षेत्रमा विकास भई एउटा कर्मशील र देशका लागि आवश्यक जनशक्ति तयार हुन्छ।

नैतिक आचरणयुक्त जनशक्ति जुनसुकै देशको गहना हो। बाल अधिकारको प्राप्तिले बालकको मानसिकता सकारात्मक हुन्छ र सकारात्मक विकास हुन्छ। बालबालिकालाई आवश्यक खुशी, सुख–सुविधा, शिक्षा, स्वास्थ्य आदि कुराबाट वञ्चित नगरी स्वतन्त्रताको सिर्जना गरिदिनाले रचनात्मक कार्य हुने निश्चित छ। एउटा बालक त कुनै बीउभित्र लुकेर रहेको भावी बिरुवा हो, जसलाई राम्ररी हिफाजत गर्न सकेमा मात्र उसले राम्रो फल दिन सक्छ। हाल कतिपय बालबालिकाहरू हत्या, हिंसा, अपहरण, बलात्कार, बालश्रमजस्ता समस्यामा परेको पाइन्छ। यसो हुनु भनेको मुलुकको भावी सन्ततिलाई सक्षम बनाउन नसक्नु हो। बाल अधिकारभित्र पर्ने सम्पूर्ण कुरालाई समेट्नेगरी संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धिले यसलाई चारवटा मुख्य अधिकारमा विभाजन गरेको पाइन्छ। बाल बचाऊ अधिकार, बाल संरक्षणको अधिकार, बाल विकासको अधिकार र बाल सहभागिताको अधिकार आदि अधिकारमा समेटेको छ। बाल अधिकार महासन्धिलाई आधार मानेर नेपालको कानूनले समेत बालबालिकाका अधिकारलाई व्यवस्था मिलाएको छ। बालबालिकाको संरक्षण गरी उनीहरूको प्रतिभा प्रस्फुटन गराउनु आजको आवश्यकता हो। समाज परिवर्तनशील छ, यस्तो समाजमा प्रतिस्पर्धी नागरिक तयार गर्न बाल अधिकारको विशेष महत्त्व रहन्छ। बालबालिकाको अधिकारमा आमाबाबु दुवैसँग घुलमिल हुन पाउने अधिकार, मानव पहिचान र शारीरिक सुरक्षा, खाना, राज्यद्वारा प्रदान गरिने सर्वव्यापी शिक्षा, स्वास्थ्य सेवा र बालबालिकाको उमेर र विकास अनुकूल फौजदारी कानून, बालबालिकाको नागरिक अधिकारको समान संरक्षण र बालबालिकाको जात, लिङ्ग, यौन अभिमुखीकरण, लैङ्गिक पहिचान, राष्ट्रिय उत्पत्ति, धर्म, अशक्तता, रङ्ग, जातीयता वा अन्य विशेषताका आधारमा हुने भेदभावबाट मुक्त रहनेजस्ता अधिकारहरू पर्दछन्। बालबालिकाको अधिकारको व्याख्या गर्ने, बालबालिकालाई शारीरिक र मानसिकरूपमा दुर्ववहारबाट मुक्त गर्ने लगायत अधिकार बाल अधिकारका विषय हुन्। बालबालिकाको सामाजिक सुरक्षा, शिक्षा–दीक्षा,माया, स्नेह, शान्ति, समझदारी, बालमैत्री वातावरण आदि नैसर्गिक अधिकार हो। अतः सम्बन्धित सबैले बालबालिकाको अधिकारका सम्बन्धमा आआफ्नो क्षेत्रबाट विभिन्न कार्य गरेमा बाल अधिकारको संरक्षण गर्न सकिन्छ।

**-सन्दीपकुमार जैसवाल (शिक्षक)**
श्रीनेरा सीताराम महतो मावि,
भौराटार, बहुदरमाई नपा–५, पर्सा

[redacted] रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# नेपालमा ५५ देशको दुई खर्ब २८ अर्ब प्रत्यक्ष वैदेशिक लगानी

काठमाडौं, २८ भदौ/रासस

नेपालमा संसारका विभिन्न ५५ देशको रु दुई खर्ब २७ अर्ब ९५ करोड बराबरको प्रत्यक्ष वैदेशिक लगानी रहेको छ । नेपाल राष्ट्र बैंकले मङ्गलवार सार्वजनिक गरेको प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी सर्वेक्षण प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७७/७८ को अन्त्यसम्ममा कुल प्रत्यक्ष वैदेशिक लगानीको मौज्दात अघिल्लो वर्षको तुलनामा १४ दशमलव आठ प्रतिशतले वृद्धि भएको हो ।

कुल वैदेशिक लगानीमध्ये चुक्ता पूँजीको अंश ५३ दशमलव नौ प्रतिशत, सञ्चितिको ३१ दशमलव छ प्रतिशत र कर्जाको अंश १४ दशमलव पाँच प्रतिशत रहेको छ । चुक्ता पूँजीको अंश १३ दशमलव सात प्रतिशतले बढेकाले कुल प्रत्यक्ष वैदेशिक लगानीमा वृद्धि भएको केन्द्रीय बैंकको विवरणमा उल्लेख छ ।

प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गरी यस्तो लगानीको क्षेत्रगत अवस्था एवं प्रवृत्ति विश्लेषणका आधारमा आवश्यक नीति निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले केन्द्रीय बैंकको आर्थिक अनुसन्धान विभागले प्रत्यक्ष वैदेशिक लगानीका सम्बन्धमा प्रत्येक वर्ष स्थलगत सर्वेक्षण गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

आव २०७७/७८ मा नेपालमा प्रत्यक्ष वैदेशिक लगानीमा सञ्चालित कम्पनीमध्ये कुल १९७ वटा कम्पनीको नमूना छनोट गरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा अन्य विवरणाको विश्लेषणका आधारमा 'प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी सर्वेक्षण प्रतिवेदन, २०७७/७८' तयार पारिएको केन्द्रीय बैंकले जनाएको छ ।



तस्वीरः फाइल

विसं २०७८ असार मसान्तसम्ममा नेपालमा ५५ देशको प्रत्यक्ष वैदेशिक लगानी रहेको छ । त्यसमा भारतबाट सबैभन्दा बढी अर्थात् रु ७५ अर्ब ८१ करोड र त्यसपछि क्रमशः चीनबाट रु ३३ अर्ब, आयरल्यान्डबाट रु १६ अर्ब ४८ करोड, सिङ्गापुरबाट रु १५ अर्ब ४८ करोड र सेन्ट किट्स एन्ड नेभिसबाट रु १४ अर्ब ५१ करोड प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ ।

नेपालमा रहेको प्रत्यक्ष वैदेशिक लगानीमध्ये ६० दशमलव पाँच प्रतिशत औद्योगिक क्षेत्रमा र ३९ दशमलव चार प्रतिशत सेवा क्षेत्रमा रहेको देखिन्छ । औद्योगिक क्षेत्र अन्तर्गत जलविद्युत् क्षेत्रमा ३० दशमलव आठ प्रतिशत र उत्पादन क्षेत्रमा २९ दशमलव पाँच प्रतिशत वैदेशिक लगानी रहेको देखिन्छ ।

यसैगरी, कुल प्रत्यक्ष वैदेशिक लगानीमध्ये २६ दशमलव नौ प्रतिशत सेवा क्षेत्र अन्तर्गत बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीमा रहेको छ । वैदेशिक लगानीमा सञ्चालित उत्पादनमूलक कम्पनीको क्षमता उपयोग ६४ दशमलव नौ प्रतिशत रहेको पाइएको छ भने नाफाको दर करीब १४ दशमलव सात प्रतिशत रहेको छ ।

# हतियारधारी समूह र प्रहरीबीच गोली हानाहान, एकजना घाइते

प्रस, जनकपुरधाम, २८ भदौ/

धनुषा जिल्लाको गणेशमान चारनाथ नगरपालिका वडा नं ४ पोर्ताहामा सशस्त्र समूह र प्रहरीबीच दोहोरो गोली हानाहान भएको छ । सोमवार राति चारनाथ खोलामा बन्दुकधारी समूह र प्रहरीबीच दोहोरो गोली हानाहान भएको जिल्ला प्रहरी कार्यालय, धनुषाले पुष्टि गरेको छ ।

प्रहरीका अनुसार राति करीब ११:४० बजेको समयमा गणेशमान चारनाथ नगरपालिकास्थित पोर्ताहा प्रहरी चौकीबाट प्रहरी नायब निरीक्षक रामनाथ यादव नेतृत्वको गस्ती टोलीले शङ्कास्पद समूहलाई देखेपछि रोक्न खोजेको थियो । प्रहरी भएको थाहा पाउने बित्तिकै उक्त समूहले प्रहरीमाथि पहिलो फायर खोल्यो । जवाफी फायर प्रहरीले गरेपछि दुवै पक्षबीच गोली हानाहान भएको थियो ।

सो क्रममा प्रहरीले दुई राउन्ड गोली प्रहार गरेको थियो । प्रहरी कारबाईमा हतियारधारी समूहका एकजना घाइते भएको र अन्य फरार भएको इलाका प्रहरी कार्यालय, ढल्केबरले जनाएको छ । बन्दुकधारी समूहका एकजनाको बायाँ खुट्टामा गोली लागी घाइते अवस्थामा प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्ने व्यक्ति स्थानीय गणेशमान चारनाथ नगरपालिका वडा नं ५ बस्ने ३० वर्षीय गणेशबहादुर बुढाथोकी रहेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका बुढाथोकीको प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार भइरहेको छ । उनको अवस्था सामान्य रहेको धनुषाका प्रहरी उपरीक्षक वसन्त रजौरेले जानकारी दिए । पक्राउ परेका व्यक्तिको साथबाट एक थान भरुवा बन्दुक बरामद भएको छ । हतियारधारी समूह शिकारी वा गाँजा तस्कर समूहमध्ये एक हुन सक्ने प्रहरीको अनुमान छ । घाइतेको प्रारम्भिक बयान सकिएको भएपनि सोबारे प्रहरीले सार्वजनिक गरेको छैन ।

# मेला हेर्न गएकी महिलाको बाँसघारीमा शव

प्रस, जनकपुरधाम, २८ भदौ/

मेला हेर्न गएकी एक २३ वर्षीया महिलाको मङ्गलवार बिहान बाँसघारीमा शव फेला परेको छ ।

घटना धनुषाको शहीदनगर नगरपालिका वडा नं ३ यदुकुहाँ बजार टोलको हो ।

अर्धनग्न अवस्थामा फेला परेको शवको घाँटीमा नीलडाम थियो । घटना प्रकृति हेर्दा करणीपछि घाँटी थिचेर हत्या गरेको जस्तो देखिएको स्थानीयको भनाइ छ ।

महिलाको शव अर्धनग्न अवस्थामा भुइँमा घोप्टो परेको फेला परेको जिल्ला प्रहरी कार्यालय, धनुषाले जनाएको छ । करणी हो होइन भन्नेबारे शल्यपरीक्षण रिपोर्टअघि यकीन गर्न नसकिने अनुसन्धानमा खटिएका प्रहरी अधिकारीहरूले बताएका छन् ।

धनुषा प्रहरीका प्रहरी उपरीक्षक वसन्त रजौरेसहितको टोलीले तालीमप्राप्त कुकुर लिएर घटनाको अनुसन्धान शुरू गरेको छ ।

आफ्नै टोलमा इन्द्रपूजाको मेला हेर्न सोमवार साँझपख निस्किएकी महिला मृत भेटिएकी हुन् । अबेरसम्म घर नफर्केपछि बुहारी खोज्न आफूहरू मेलामा समेत पुगेको तर त्यहाँ फेला नपरेको मृतकका ससुराले बताए । "मेलामा रातिसम्म नाच चलिरहेको थियो । नाच सकिएपछि घर फर्किलिन् नि भन्ने आसमा रात गुजार्‍यौं, तर बिहानै शव फेला परेको खबर छिमेकीले दियो," उनले भने ।

मृतकको घरदेखि करीब एक किलो मिटरको दूरीमा रहेको विद्यालयमा सोमवार मेला तथा सांस्कृतिक कार्यक्रम आयोजना गरिएको थियो । पति वैदेशिक रोजगारमा रहेका मृतक महिलाको तीन वर्षीया एक छोरी छन् ।

# वक्तृत्वकला प्रतियोगितामा जेसिका प्रथम

प्रस, रौतहट, २८ भदौ/

गौरस्थित राइसमिलको सभाहलमा एसआरएच मिडिया नेपालको आयोजनामा अन्तरविद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ ।

सो प्रतियोगितामा बाल एकेडेमी विद्यालयकी कक्षा सातमा अध्ययनरत जेसिका साह प्रथम भइन् । प्रतियोगितामा मावि–५ का अविनिश यादव दोस्रो र मित्र मेमोरियल विद्यालयका आर्यन गुप्ता तेस्रो भए ।

आयोजक संस्थाका अध्यक्ष सावन यादवको सभापतित्वमा भएको कार्यक्रममा प्रमुख अतिथि गौर नगरपालिकाका प्रमुख शम्भु साह, नेपाल पत्रकार महासङ्घका अध्यक्ष शैलेन्द्र गुप्ता, जसपाका नेता ललन यादव, अभिभावक, विद्यार्थीहरूको सहभागिता थियो ।



तस्वीरः प्रतीक

'हाम्रो आधार : शिक्षा र स्वास्थ्यमा अमूल्य सुधार' विषयक वक्तृत्वकला प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुने विद्यार्थीलाई नगरप्रमुख साहले पुरस्कार र शिल्ड प्रदान गरेका थिए ।

कार्यक्रममा नगरप्रमुख साहले प्रतियोगिताले बालबालिकाको बोल्ने क्षमतामा ठूलो सहयोग पुऱ्याउने बताए ।

राष्ट्रिय बाल दिवस २०७९ को उपलक्ष्यमा आयोजित प्रतियोगितामा १७ जना छात्रछात्राको सहभागिता थियो ।

# बाल दिवसको अवसरमा वक्तृत्वकला प्रतियोगिता

प्रस, वीरगंज, २८ भदौ/

राष्ट्रिय बाल दिवसको अवसरमा हन्ड्रेड ग्रुप वीरगंजले मङ्गलवार वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरेको छ ।

विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगितामा महावीरप्रसाद रघुवीरराम त्रिजुद्ध माविको कक्षा १० मा अध्ययनरत श्रेया राय प्रथम भइन् ।

यसैगरी, सुरजीदेवी माविको कक्षा ९ मा अध्ययनरत सन्देश वास्तु द्वितीय, त्रिजुद्ध माविका दीपक यादव तृतीय र सुरजी माविकी सन्ध्या साह चतुर्थ भए । कार्यक्रमका प्रमुख अतिथि सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले विजयी विद्यार्थीहरूलाई नगदसहित पुरस्कृत गरेका थिए ।

हन्ड्रेड ग्रुपका संयोजक विक्की सर्राफको अध्यक्षता भएको कार्यक्रममा दिलीपराज कार्की, देवेश मानवसेवा, राजन श्रीवास्तव, श्याम



तस्वीरः सौजन्य

सर्राफ, नूतन सरावगी र वप्रका, बिर्ताका प्रहरी निरीक्षक विशाल मल्ललगायतको सहभागिता थियो । प्रतियोगिताको निर्णायकमण्डलमा डा सुषमा तिवारी, सूर्यनारायण विक, सलमा खातुन र सरोज चौधरी थिए ।

# बिलभन्दा बढी सामान लोड भएको ट्रक नियन्त्रण

प्रस, वीरगंज, २८ भदौ/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिल बीजकभन्दा बढी खुद्रा सामान तथा औषधि बोकेको ट्रकलाई नियन्त्रणमा लिएर राजस्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाएको छ ।

सोमवार राति १२:३० बजे वीरगंज–२१ परवानीपुरचोक सडकखण्डबाट ना.३ख ७६५६ नम्बरको ट्रकलाई सूचनाको आधारमा नियन्त्रणमा लिई चेकजाँच गर्दा बिलबीजकभन्दा बढी सामान लोड गरिएको पाइएकोले राजस्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाइएको जिप्रका, पर्साले जनाएको छ ।

# नेपालले पाकिस्तानलाई पठायो २२ टनभन्दा बढी मानवीय सहायता सामग्री

काठमाडौं, २८ भदौ/रासस

नेपाल सरकारले विपद्मा परेको पाकिस्तानलाई राहतस्वरूप २२ टनभन्दा बढी अत्यावश्यक मानवीय सहायता सामग्री पठाएको छ ।

पाकिस्तानमा हालैको बाढीपहिरोजन्य घटनाका पीडितलाई राहतस्वरूप सहायता सामग्री उपलब्ध गराइएको परराष्ट्र मन्त्रालयले जनाएको छ । उक्त सहायता सामग्री राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)को वाइडबडी ए–३३० जहाजमार्फत पाकिस्तानको कराँची शहर पठाइएको हो ।

विपत्तमा परेका पाकिस्तान सरकार र जनताको सहयोगस्वरूप २२ टनभन्दा बढी राहत सामग्री पठाइएको परराष्ट्र मन्त्रालयका प्रवक्ता सेवा लम्सालले जानकारी दिए । राहत सामग्री कराँची पठाउने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता लम्सालले अत्यावश्यक औषधि तथा राहत सामग्री पठाइएको बताए ।

यो सहायता सामग्री नेपाल सरकारले एकैपटक उपलब्ध गराएको हालसम्मकै ठूलो राहत भएको प्रवक्ता लम्सालको भनाइ छ । "हाल पाकिस्तानलाई प्रदान गरिएको राहत सामग्री नेपाल सरकारद्वारा एकैपटकमा कुनै मुलुकलाई प्रदान गरिएको हालसम्मकै ठूलो परिमाणको सामग्री हो ।" नेपालबाट प्रदान गरिने राहत सामग्रीको संयोजन तथा समन्वयमा परराष्ट्रमन्त्री डा नारायण खड्काको निरन्तर पहलबाट भएको मन्त्रालयले जनाएको छ ।

विमानस्थलमा परराष्ट्रमन्त्री डा नारायण खड्काले कराँची जाने टोलीलाई



तस्वीरः रासस

बिदाइ गरेका थिए । राहत सामग्री हस्तान्तरण गर्न परराष्ट्र मन्त्रालयका प्रवक्ता लम्सालको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल कराँची प्रस्थान गरेको हो । टोलीमा गृह मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्वास्थ्य सेवा विभागका पदाधिकारी तथा सञ्चारकर्मी सहभागी छन् । विमानस्थलमा परराष्ट्रमन्त्री डा खड्काले कराँची जाने टोलीलाई बिदाइ गरेका थिए ।

पाकिस्तानका बाढीपीडितलाई उपलब्ध गराइएको राहत सामग्रीमा अत्यावश्यक औषधि, खाद्यवस्तु, लत्ताकपडालगायत छन् । ती सामग्री कराँचीस्थित जिना अन्तर्राष्ट्रिय विमानस्थलमा पाकिस्तान सरकारका सम्बद्ध पदाधिकारीलाई एक कार्यक्रमबीच हस्तान्तरण गर्ने कार्यक्रम रहेको प्रवक्ता लम्सालले बताए ।

पाकिस्तानमा हालै आएको मनसुनी वर्षापछिको विनाशकारी बाढीले ठूलो जनधनको क्षति भएकामा उक्त बाढीले पुऱ्याएको क्षतिप्रति समवेदना प्रकट गर्दै नेपाल सरकारोतर्फबाट पाकिस्तान सरकार तथा जनतालाई सहायतास्वरूप यही भदौ २१ गतेको मन्त्रिपरिषद् बैठकले निर्णय गरेको थियो ।

नेपाल एयरलाइन्सको उडान नं २१७१ जहाजले काठमाडौं–कराँची उडान भरी साँझ कराँचीबाट काठमाडौं फर्कने उडान तालिका रहेको छ ।

मित्रराष्ट्र पाकिस्तानसँग २० मार्च

(बाँकी चौथो पातामा)

# नेप्से परिसूचकमा दोहोरो अङ्कले वृद्धि




काठमाडौं, २८ भदौ/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मङ्गलवार भने दोहोरो अङ्कले उकालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार कारोबार मापक नेप्से परिसूचक २१ दशमलव ३० अङ्कले उकालो लागेर एक हजार ९३४ दशमलव शून्य चार अङ्कमा उक्लेको हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ८३ अङ्कले उकालो लागेर ३७६ दशमलव १७ मा पुगेको छ । कुल २३१ कम्पनीको ३१ लाख ४६ हजार ९९६ कित्ता शेयर रु ९२ करोड २५ लाख ७४ हजार ४१० मूल्यमा खरीद–बिक्री भए । नेप्सेका अनुसार मङ्गलवार कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा वृद्धि भएको हो । बैंकिङ १० दशमलव ९१, व्यापार २७ दशमलव ५९, होटल तथा पर्यटन २९ दशमलव ९२, विकास बैंक ६० दशमलव शून्य तीन, जलविद्युत् २० दशमलव ७८, वित्त ३४ दशमलव ११, निर्जीवन बीमा ५८ दशमलव ७७, उत्पादन ९० दशमलव ६५, अन्य १५ दशमलव ८२, लघुवित्त ५३ दशमलव ५८, जीवन बीमा ९६ दशमलव २२, सामूहिक लगानी कोष शून्य दशमलव ११ र लगानी शून्य दशमलव ९५ अङ्कले उकालो लागेको छ ।

मङ्गलवारको कारोबारपछि बजार पूँजीकरण रु २७ खर्ब ७४ अर्ब १७ करोड ५१ लाख २५ हजार ९५३ बराबर भएको छ । कारोबारका आधारमा नबिल बैंक शीर्ष स्थानमा छ । सो बैंकको रु पाँच करोड ९४ लाख ८९ हजार २४५ बराबरको कारोबार भयो ।

यस्तै, रिडी हाइड्रो पावर रु पाँच करोड ६३ लाख १० हजार ६७३, हिमालयन एभरेस्ट इन्स्योरेन्स रु तीन करोड ८४ लाख २७ हजार १८५, अरुण काबेली पावर रु तीन करोड ७३ लाख नौ हजार २३० र अपि पावर कम्पनी रु दुई करोड १७ लाख १२ हजार बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार बोटलर्स नेपाल बालाजुको शेयर मूल्यमा १० प्रतिशतको वृद्धि भई सकारात्मक सर्किट लागेको छ । मैलुङ खोला जलविद्युत् कम्पनी सात दशमलव ७६, सानिमा लार्ज क्याप फन्ड छ दशमलव ६७, युनिभर्सल पावर कम्पनी चार दशमलव ६७ र रिभर फल्स पावरका लगानीकर्ताले चार दशमलव २४ प्रतिशतले कमाएका छन् ।

नेपाल बैंकको ऋणपत्र नौ दशमलव ५९, सामुदायिक लघुवित्त दुई दशमलव १०, सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्किम दोस्रो एक दशमलव ६९, युनाइटेड इदी मर्दी हाइड्रोपावर एक दशमलव ६२ र नबिल ब्यालेन्स फन्ड दोस्रोका लगानीकर्ताले एक दशमलव ४० प्रतिशतले गुमाएका छन् ।

# सर्जक सोतीलाई चिन्ता : 'म्याउँ–म्याउँ बिरालो' लाई कसरी प्रमाणित गरौं

कावासोती, २८ भदौ/रासस

चाउरिएको अनुहारमा सेतै फुलेको दारी, पिठ्यूँमा झोला, साधारण पोशाकमा जिल्लाका लगभग सबै साहित्यिक कार्यक्रममा सर्जक दीपक सोती देखिन्छन् । उनी उमेरले ७५ मा हिंड्दै छन् । उनको साहित्यप्रतिको लगाव र हुटहुटी देख्दा लाग्छ उनी २०–३० वर्षके उमेरमा छन् ।

मञ्चमा उक्लिएपछि सबै उमेर समूहका दर्शक, श्रोताको मन जित्न सफल उनको मनमा भने विगत ३४ वर्षदेखि एउटै पीरले डेरा जमाएको छ 'म्याउँ म्याउँ बिरालो' आफ्नो भनेर प्रमाणित कसरी गर्ने । विसं २०२८ तिर रत्न रेकर्डिङमा सङ्गीता थापाको स्वरमा सो बालगीत रेकर्ड भएको जनाइएको छ ।

चार सन्तानका पिता उनले वर्षौं पहिले आफ्नो जेठो सन्तान गुमाए, अनि अहिले आएर उनलाई आफैंले लेखेको म्याउँम्याउँ बिरालोलाई आफ्नो जीवनकालमा आफ्नो नाम दिन पाउँदिनँ कि भन्ने पिरलोले दिनदिनै सताएको छ ।

विगतलाई उनी यसरी सम्झन्छन्– "विसं २०२५ असारको महीना थियो, बा–आमा खेत जानुभएको थियो, घरमा भाइलाई हेर्दै बसेका बेला बिरालो आएर कराइको दूध खाँदै थियो, त्यही देखेपछि गीत लेखेको हुँ ।"

विसं २०२८ ताका लमजुङबाट पाँच दिन पैदल यात्रा गरेर काठमाडौं गएको बेला पशुपतिमा प्रज्ञा प्रतिष्ठानका सदस्य श्यामदास वैष्णवसँग भेट भएको र उनै श्यामदाससँग डिल्लीबजारसम्म पुगेपछि चिया पिउँदै गर्दा म्याउँम्याउँ बिरालो देखाएपछि रेकर्ड गर्ने सल्लाह पाएको सर्जक सोती सम्झन्छन् । उनले श्यामदासबाट सल्लाह मात्र पाएनन्, उस्ताद भैरवबहादुर थापासँग भेट गराइदिए । भेटपछि भैरवबहादुरकै सङ्गीत र उनकै १० वर्षीया सानी छोरी सङ्गीता थापाको स्वरमा रत्न रेकर्डिङमा गीत रेकर्ड भएको सोतीलाई सम्झना छ । रत्न रेकर्डिङको प्लेट नं ८१ मा गीत रेकर्ड भएको र गीत रेकर्डपछि रु ८५ पारिश्रमिकसमेत पाएको सर्जक सोतीले जानकारी दिए ।

रत्न रेकर्डिङमा रेकर्ड भएपछि म्याउँम्याउँ बिरालो बोलको बालगीत रेडियो नेपालसहित अल इन्डिया रेडियो, श्रीलङ्का र चीनको रेडियोबाट बज्ने नेपाली कार्यक्रममा यो गीत बज्ने गरेको सर्जक सोतीले बताए । गीत रेकर्ड भएपछि उनले खासै वास्ता राखेनन्, त्यति बेला त्यो गीत रेडियो नेपाल, भारत, चीन र श्रीलङ्काको रेडियोबाट पनि बजेको भने उनलाई सम्झना छ । "शुरु–शुरुमा गीतको चासो त्यति राखिनँ तर विगत ३४–३५ वर्षदेखि गीतको खोजी गरेको छु, तर अत्तोपत्तो छैन"–उनले भने । "पछि त यही गीत मेरो नाम नराखी पाठ्यपुस्तकमा पनि छापिएर आएछ, थाहा पाउँदा दुःख लाग्यो"–उनले भने ।

गीत पाठ्यपुस्तकमा विनानाम छापिएर आएपछि कवि सोतीले तत्कालीन शिक्षा सहायकमन्त्री क्षेत्रप्रताप अधिकारीलाई भेटेर पाठ्यपुस्तकमा आफ्नो नाम राखिदिन आग्रह गरेका थिए । विसं २०४६ को जनआन्दोलनको समय भएकोले पुस्तकमा समेत नाम आउन नसकेको उनको दुःखेसो थियो ।

आन्दोलनपछि विसं २०५०/५१ ताका आफ्नो नाम नराखी पाठ्यपुस्तकमा छापेको एकता प्रकाशनमा पुगेर आफूले आपत्ति जनाएको उनले बताए । त्यसपछि नाम राखिदिने आश्वासनसमेत उनले पाएका थिए । पारिश्रमिकस्वरूप रु दुई हजार प्रकाशनले दिएको उनी बताउँछन् । "नाम त हालेनन् हालेनन्, झन् सम्पादन गर्दा एकजना बस्ती थर भएकाले गीत नै बिगारिदिएछन्"–उनले दुःखेसो पोख्दै भने–"अहिले त झन् युट्युबमा आएको छ, हेर्न त धेरैले हेरेका रहेछन्, तर मेरो नाम नै छैन, त्यही माथि गीत पनि बिगारेका रहेछन्"–उनले भने ।

आफूसँग भएको गीतको क्यासेट विसं २०४३/४४ ताका पोखरामा डेरा सर्ने क्रममा फुटेपछि गीतलाई आफ्नो नाम दिन काठमाडौंमा रहेको रेडियो नेपाल र नेपाल टेलिभिजनको कार्यालयमा बर्सेनि धाइरहेको उनले सुनाए । उनलाई आफ्नो जीवनकालमै त्यो गीतको रचनाकारका रूपमा आधिकारिकरूपमा फेरि पनि नाम लेखाउन पाउँदिनँ कि भन्ने पीरले गिजोल्न भने कत्ति छाडेको छैन ।



सर्जक दीपक सोती

रेडियो नेपालका निर्देशक कार्यक्रम महाशाखा प्रमुख वरिष्ठ साहित्यकार नवराज लम्साल पनि त्यो गीत कवि सोतीकै भएको बताउँछन् । "विसं २०७२ को महाभूकम्पको बेला धेरै पुराना क्यासेट फुटे, सायद सोतीजीको पनि त्यही बेला फुटेको हुनुपर्छ, हामीले सबै पुराना क्यासेटलाई रिकभर गर्दैछौं, भेटनासाथ उहाँको सम्पत्ति उहाँलाई हस्तान्तरण गर्छौं"–उनले भने ।

विसं २०२८ मा गीत रेकर्ड गर्दा आफू स्वयम् स्टुडियोमै रहेको जनाउँदै वरिष्ठ सङ्गीतकार दीपकजङ्गम म्याउँ–म्याउँ बिरालो कवि सोतीको रचना भएको बताउँछन् । "गीत रेकर्ड मेरै अगाडि भएको हो, सङ्गीताले गाएकी हुन्, यसको रचनाकार सोतीजी नै हो"–उनले बताए–"गीतको रचनाकार सोती नै भएपनि अहिले पुष्टि गर्न प्रमाण जुटाउन परेको छ, इतिहास बिर्सनुहुँदैन, यो गीत उहाँले नै लेख्नुभएको हो ।"

उमेरले ७५ लागेका सोतीलाई भने उक्त गीतको प्रतिलिपि अधिकार आफ्नो नाममा गराउन मन छ । "उमेरले बूढो भएपनि हिम्मत हारेको छैन, एकपटक फेरि काठमाडौं जान्छु, आफ्नो सन्तानको माया कसलाई पो हुन्न र"–उनी भन्छन् ।

**यस्तो छ गीत**

म्याउँ–म्याउँ बिरालो यतातिर आउ
मेरो नाना काटी गर्ने मुसा मारी खाउ
कराइको दूध खाइदेऊ भने
म त भोकै हुन्छु, नखाइदेऊ भन्छु
बाबा भन्छिन् खाली बुबु चोर्न जाली
आमा भन्छिन् चोर्लो भाँडाहरू फोर्ली
बुबु चोऱ्यो भने लट्ठीले म हान्छु
नआइज न यता चोर्नै म्याउँ भन्छु

विसं २००६ मा लमजुङको कुन्छामा जन्मिएका सर्जक सोती अहिले स्थायीरूपमा पूर्वी नवलपरासीको कावासोती नगरपालिकाको वडा नं १२ मा बसोबास गर्छन् । विसं २०२१ मा 'नरोक मलाई' कविता लेखेर दोस्रो स्थान हासिल गरेका उनी अनवरतरूपमा साहित्य सिर्जनामा क्रियाशील छन् । विसं २०२८ मा लमजुङको कुन्छा साहित्य परिषद्को अध्यक्ष, २०३८ मा मकवानपुर साहित्य परिषद् हटौंडाको संस्थापक उपाध्यक्ष, २०४६ मा युवा साहित्य सदन पोखराको संस्थापक सचिवसमेत भएका कवि सोतीको 'मेरी मर्स्याङ्दी' कविता सङ्ग्रह (२०२८), 'दुई बत्ती निभेर' कविता सङ्ग्रह (२०३०), 'जगदम्बा' काव्य (२०४५), 'समालोचक' शोक काव्य (२०४९), 'मेरी आमा रूँदी हुन्' कविता सङ्ग्रह (२०६७), फुल्न नसकेका फूलहरू (२०७८) र थुप्रै फुटकर कविता प्रकाशित भएका छन् ।

# सप्तरीमा सुकुमबासीलाई लालपुर्जा वितरण

प्रस, सप्तरी, २८ भदौ/

राष्ट्रिय भूमि आयोगले सप्तरीमा भूमिहीन सुकुमबासी र भूमिहीन दलित सुकुमबासीलाई लालपुर्जा वितरण गरेको छ ।

मङ्गलबार आयोजित कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्री शशी श्रेष्ठले सप्तरी जिल्लाको अग्निसाइर कृष्णासवरण गाउँपालिकामा ८५ भूमिहीन सुकुमबासी परिवारलाई लालपुर्जा वितरण गरेकी हुन् ।

आयोगले पालिकाको वडा नं ४ मा आयोजना गरेको लालपुर्जा वितरण कार्यक्रमका मुख्य अतिथि मन्त्री श्रेष्ठले लालपुर्जा वितरण गर्दै भूमिहीन सुकुमबासी र भूमिहीन दलितको समस्या समाधान कार्यलाई सरकारले मुख्य प्राथमिकतामा राखेको बताइन् ।

उनले उर्वर भूमिलाई आवासीय क्षेत्रमा वर्गीकरण नगर्न स्थानीय तहलाई सुझाव दिँदै त्यसो भएमा दीर्घकालीनरूपमा नकारात्मक असर पर्ने विचार व्यक्त गरिन् । कृषियोग्य भूमिको संरक्षण गर्नुपर्ने उनको जोड थियो ।

सङ्घीय सरकारको नीति तथा कार्यक्रम र बजेटमा समेत आगामी दुई वर्षभित्र भूमिसँग जोडिएका सबै खालका समस्या समाधान गरिसक्ने भनिएकाले यही आर्थिक वर्षभित्र मुलुकका ३०० पालिकाका पाँच लाख भूमिहीनलाई लालपुर्जा वितरण गरिसक्ने मन्त्री श्रेष्ठले बताइन् ।

उक्त पालिकामा लालपुर्जा वितरण शुरु भएकोले अब सो पालिका र जिल्लाका अन्य पालिकाहरूमा समेत चुनावअघि नै लालपुर्जा वितरण भइसक्ने उनले बताएकी छन् ।



तस्वीरः प्रतीक

कार्यक्रममा जिल्लास्थित भूमि आयोगका पदाधिकारी, गाउँपालिकाका पदाधिकारीहरूलगायतको सहभागिता थियो ।

# फरार अभियुक्त पक्राउ

प्रस, सप्तरी, २८ भदौ/

चोरी मुद्दाका फरार अभियुक्त सप्तरीको राजविराज नगरपालिका–६ बस्ने २१ वर्षीय गोपी भनिने किसन राउत मेहतरलाई मङ्गलबार प्रहरीले पक्राउ गरेको छ ।

विसं २०७८ चैत १४ गते सप्तरी जिल्ला अदालतबाट कैद सजाय ठहर भएका मेहतर फरार थिए ।

अदालतले उनलाई पाँच महिना कैद र पाँच हजार रुपैयाँ जरिवाना तोकेको थियो ।

पक्राउ परेका मेहतरलाई कैद भुक्तानका लागि राजविराज कारागार पठाइएको जिल्ला प्रहरी कार्यालय, सप्तरीले जनाएको छ ।

आरोपितले २०७७ कात्तिक १९ गते सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं १ तिलाठी बस्ने झौली कामैतको घरबाट खसी चोरेको थियो ।

## नेपालले पाकिस्तान.....

१९६० मा कूटनीतिक सम्बन्ध स्थापित भएदेखि नै दुई देशबीच घनिष्ट सम्बन्ध रहँदै आएको छ ।

दुवै मुलुकका बीचमा सरकार तथा जनस्तरमा सहयोगात्मक सम्बन्ध विद्यमान हुनुका साथै प्राकृतिक प्रकोपका समयमा एकापसमा सहयोग गर्ने परम्परा रहेको छ ।

नेपाल सरकारले यसअघि सन् २०१० मा पाकिस्तानलाई नगद रु एक करोड सहयोग गरेको थियो । पाकिस्तानले पनि विसं २०७२ को विनाशकारी भूकम्पका पीडितलाई राहतस्वरूप नेपाललाई आवश्यक मानवीय सहायता उपलब्ध गराएको थियो ।

# करेन्ट लागेर महिलाको मृत्यु

प्रस, सर्लाही, २८ भदौ/

सर्लाहीको हरिवनमा करेन्ट लागेर मङ्गलबार दिउँसो एकजना महिलाको मृत्यु भएको छ ।



जनाएको छ । मृत्यु हुनेमा हरिवन नगरपालिका वडा नं ८ पुरानो बजार, पूर्वीटोल बस्ने ५९ वर्षीया सावित्रा निरौला रहेको इलाका प्रहरी कार्यालय, हरिवनका प्रहरी निरीक्षक मुकेश ताम्राकारले जानकारी दिएका छन् ।

घरमा जडान गरिएको बिजुलीको नाङ्गो तारमा परेर उनलाई करेन्ट लागेको थियो । निरौलालाई उपचारका लागि हरिवनस्थित नमूना अस्पताल पुऱ्याइएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए । मृतकको शव शल्यपरीक्षणका लागि सदरमुकाम मलङ्गवास्थित प्रादेशिक अस्पताल पठाइएको प्रहरीले जनाएको छ ।

नयाँ घर बनेपछि आफ्नो पुरानो घरमा रहेका सामानहरू नयाँ घरमा सार्ने क्रममा करेन्ट लागेर मृत्यु भएको प्रहरीले

## फरक समाचार

# मोबाइलको कारण अप्रिय घटना हुँदै

हाले भारतको प्रयागराजमा मोबाइलको कारण अप्रिय घटना घटेको छ । कक्षा ९ मा अध्ययनरत एकजना छात्रा मोबाइलमा गेम खेलिरहेको देखेपछि



पिताले हप्काए । त्यसपछि रिसाएकी छोरीले आफ्नै कोठामा पुगेर आत्महत्या गरिन् ।

यस्तो घटना पहिलोपटक भएको होइन । संसारमा यस्ता घटना भइरहेका हुन्छन् । त्यस्तै, भारतको उत्तरप्रदेशको सन्तकबीर नगरमा पनि १० कक्षामा अध्ययनरत छात्राले नदीमा हाम फालेर आत्महत्या गरिन् किनभने उनको परिवारले उनलाई मोबाइल दिएनन् ।

बच्चामा मानसिक समस्याको कारण यस्तो घटना हुन्छ । प्रश्न उठ्छ बच्चामा यस्तो मानसिक बिमारी किन हुर्किरहेको छ, जसको कारण उनीहरू आत्महत्या गर्न बाध्य हुन्छन् । एउटा अनुमान अनुसार आजभोलि १० प्रतिशत बालबालिका कुनै न कुनै प्रकारका मानसिक रोगले ग्रस्त छन् । सबैभन्दा गम्भीर कुरा यो हो ३३ प्रतिशत अभिभावकलाई बच्चामा भएको यस्तो रोगबारे जानकारी हुँदैन । मानसिक रोग विशेषज्ञका अनुसार मोबाइलमा गेम खेल्ने लत एक प्रकारको बिमारी हो, जसलाई पैथोलोजिकल गेमिङ भनिन्छ । कोभिडको खतरनाक कालमा यस प्रकारको बिमारीबाट ग्रस्त बच्चाको सङ्ख्यामा बढोत्तरी भएको छ ।

डा विश्वजीतकुमार मण्डलका अनुसार आजभोलि मोबाइलको बढी प्रयोगले बालबालिकाहरूलाई इन्टरनेट एडिक्शनतर्फ डोऱ्याइरहेको छ । यस प्रकारको एडिक्शनबाट मानसिक रोग उत्पन्न हुन्छ र बच्चाले कुनै न कुनै गलत पाइला चाल्छन् । मानसिकरोगी औषधिबाट टाढा बस्न सम्भव छैन । अभिभावकले बालबालिकाको यस्तो गतिविधिमाथि निगरानी राख्नुपर्छ र समयमै उनीहरूको यस्तो बानीलाई सकारात्मक तरीकाले टाढा गर्नुपर्छ । बालबालिकामा यी मानसिक बिमारी साधारण हो । जस्तैः

**अटिज्म स्पैक्ट्रम डिसअर्डरः** यस्ता बालबालिका वरपरका मान्छेसँग घुलमिल गर्न रुचाउँदैनन् । खेल्न मन लाग्दैन ।

**अटेन्शन डेफिसिट हाइपर एक्टिभिटी डिसर्डरः** बालबालिकालाई ससाना कुरामा झोंक चल्छ । पढाइ वा कुनै अन्य काममा ध्यान दिन सक्दैनन् ।

**एन्जाइटीः** बालबालिकामा कुनै कामलाई लिएर डर वा फोबिया एन्जाइटीको सबैभन्दा ठूलो कारण हो, जुन बढी समयसम्म भएपछि खतरनाक रूप लिन सक्छ ।

**मानसिक रोगबाट यसरी बालबालिकालाई टाढा राख्नुपर्छः** अभिभावकले बढीभन्दा बढी समय बच्चासँग बिताउनुपर्छ । बालबालिकाको दिनचर्यामा यदि नकारात्मक बदलाव देखिन्छ भने तुरुन्त साइकोलोजिस्टसँग सल्लाह लिनुपर्छ । अभिभावकले बालबालिकाको वातावरण परिवर्तन गर्न कुनै तरीका अपनाउनुपर्छ । जसबाट उसलाई मानसिक चोट नपुगोस् । बालबालिकामा आत्मविश्वासको थोरै कमी देखिन्छ भने त्यसलाई होस्याउनुहोस् । बच्चाको खानपानमा ध्यान दिएर पोषणयुक्त खानेकुरा खान प्रेरित गर्नुपर्छ । समय–समयमा बालबालिकाका साथी र शिक्षकहरूसँग भेटेर उसको व्यवहार पत्ता लगाउनुपर्छ ।

# के हो इसिम ?

पछिल्लो दिनमा इसिमबारे निकै चर्चा भइरहेको छ । आइफोन प्रयोगकर्ताको लागि यो शर्त नयाँ होइन किनभने आइफोनले धेरै वर्षअघिदेखि नै इसिमको सहायताबाट नै डुअल सिम सपोर्ट पनि पाइरहेको छ । कम्पनीले हालै लन्च गरेको आइफोन १४ सिरिजमा कुनै फिजिकल सिमकार्ड स्लट पाइँदैन । यद्यपि यस्तो केवल अमेरिकी मोडेलसँग मात्र गरिरहेको छ । भारत तथा नेपालमा फिजिकल सिमकार्ड स्लट पनि दिएको छ ।




इसिमको पुरानो नाम इम्बेडेड सबस्क्राइबर आइडेन्टिफाइ मोड्युल हो । यो एउटा भर्चुअल सिमकार्डसरह हुन्छ, यसलाई हामीले कुनै पनि सपोर्टेड डिभाइसमा सक्रिय गर्न सक्छौं । सजिलो भाषामा भन्नुपर्दा यो फोनको इन्टरनल मेमोरीजस्तै हुन्छ । इन्टरनल मेमोरीलाई बाहिर निकाल्न सकिँदैन वा एक्सपैन्ड पनि गर्न सक्दैनौं । त्यस प्रकार इसिमले पनि काम गर्छ, जसलाई टेलिकम अपरेटरले तपाईंको फोनमा डिजिटल ट्रान्सफर वा सक्रिय गर्न सक्छ । भारतमा जिओ, भी र एयरटेलले इसिमको सुविधा दिइरहेको छ । इसिमलाई फिजिकल सिमसरह रिप्लेस गर्न सक्दैनौं । यदि सिम रिप्लेस गर्न चाहनुहुन्छ भने टेलिकम अपरेटरसँग सम्पर्क गर्नुपर्छ ।

कसरी सक्रिय हुन्छ इसिम कार्ड ? इसिमको अप्सन सीमित स्मार्टफोनहरूलाई मात्र दिइएको छ । जिओ इसिमलाई तपाईंले आइफोन १४ सिरिज, १३, १२, ११, एक्सएस सिरिज र अन्य आइफोनहरूमा सपोर्ट दिइएको छ । इसिमको लागि निवेदन दिनुभन्दा पहिले ध्यान दिनुपर्छ कि हैन्डसेट आइओएस १२.१ भन्दा माथिको अपरेटिङ सिस्टममा पनि काम गरिरहेको छ ।

# इतिहासमा १४ सेप्टेम्बर

बुधवार १४ सेप्टेम्बरका दिन विश्वमा प्रमुख घटना घटेको थियो । त्यसमध्ये भारतमा सन् १९४९ मा संविधानसभाले हिन्दी भाषालाई भारतको आधिकारिक भाषाको दर्जा दिएको थियो । पहिलो हिन्दी दिवस १४ सेप्टेम्बर १९५३ मा भारतमा मनाइएको थियो ।

सन् १७७०, १४ सेप्टेम्बरमा डेनमार्कमा प्रेस स्वतन्त्रताले मान्यता पाएको थियो भने सन् १८३३ मा विलियम बेंटिक, पहिलो गभर्नर जनरलको रूपमा भारत आएका थिए । सन् १९०१ मा अमेरिकी राष्ट्रपति विलियम मैकेजीको गोली प्रहार गरी हत्या भएको थियो भने सन् १९१७, १४ सेप्टेम्बरमा रूसलाई आधिकारिकरूपमा गणतन्त्र घोषित गरिएको थियो । सन् १९५९ मा सोभियत सङ्घको अन्तरिक्ष यान पहिलोपटक चन्द्रमाको सतहमा ओर्लिएको थियो भने सन् १९९८ मा माइक्रोसफ्ट, जनरल इलेक्ट्रिकलाई पछारेर संसारको सबैभन्दा ठूलो कम्पनी भएको थियो । त्यस्तै, सन् २००० मा माइक्रोसफ्टले विन्डोज एमई लन्च गरेको थियो भने सन् २००१, सेप्टेम्बर १४ मा ओसामा बिन लादेनलाई समाप्त अभियानको लागि अमेरिकामा ४० अर्ब डलर मन्जुर गरिएको थियो ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## होटलमा आगलागी, आठजनाको मृत्यु

नयाँ दिल्ली, २८ भदौ/सिन्हवा

भारतको दक्षिणी राज्य तेलङ्गानाको सिकन्दराबाद शहरस्थित एउटा होटलमा आगलागी हुँदा आठजनाको मृत्यु भएको छ भने अन्य सातजना घाइते भएका छन्।

सोमवार राति भएको आगलागीमा परी घाइते भएकालाई स्थानीय अस्पतालमा भर्ना गरिएको तथा केहीको अवस्था गम्भीर रहेको अधिकारीहरूले बताएका छन्।

दुईवटा तलामा विद्युतीय मोटरसाइकलको प्रदर्शनी कक्ष रहेको बहुतले उक्त होटलमा आगो लाग्दा त्यहाँ राखिएका सबै मोटरसाइकल जलेका छन्। आगलागीको कारण खुलेको छैन।



आगलागीबाट क्षतिग्रस्ट होटेल। तस्वीरः रायटर्स

स्थानीय वारुणयन्त्रका एकजना अधिकारीले आठवटा शव होटलको भवनबाट निकालिएको र सातजना घाइतेलाई अस्पताल भर्ना गरिएको बताएका छन्। होटल भवनको सबैतिर मानिस भए नभएको खोजी गरिएको र आगो पूर्णरूपमा निभाइएको उनले बताए। रासस

## युक्रेनका द्वन्द्वग्रस्त क्षेत्रबाट ७३ हजार विस्थापित

किभ, २८ भदौ/सिन्हवा

युक्रेनको द्वन्द्व प्रभावित पूर्वी र दक्षिणी क्षेत्रहरूबाट गत महीना ७३ हजारभन्दा बढी मानिस विस्थापित गरिएका युक्रेनको अस्थायीरूपमा कब्जा गरिएका क्षेत्रहरूको पुनर्मिलन मन्त्रालयले सोमवार जनाएको छ।

विशेषगरी अनिवार्यरूपमा विस्थापित गराउन पर्ने पूर्वी डोनेट्स्क क्षेत्रबाट एक महीनामा करीब १६ हजार नागरिकलाई हटाइएको मन्त्रालयले जानकारी दिएको छ।

यसका साथै दक्षिणी युक्रेनको खेरसन र जापोरिज्जिया क्षेत्रका रूस नियन्त्रित क्षेत्रबाट ५० हजार मानिसलाई किभ नियन्त्रित क्षेत्रमा सारिएको पनि मन्त्रालयले जानकारी दिएको छ।

युक्रेनका उपप्रधानमन्त्री इरिना भेरेश्चुकले अनिवार्य निकासीलाई अन्य द्वन्द्वग्रस्त क्षेत्रहरूमा विस्तार गर्न सकिने बताएकी छन्। रासस

## न्युजिल्यान्डमा कोभिडबाट दुई हजार सङ्क्रमित

वेलिङ्टन, २८ भदौ/सिन्हवा




न्युजिल्यान्डमा कोभिडबाट सोमवार मात्र करीब दुई हजारजना सङ्क्रमित भएको बताइएको छ। यहाँको स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार यहाँ कोभिडबाट एक हजार ९४१ जना सङ्क्रमित भएका छन्।

सो मन्त्रालयले मङ्गलवार दिएको जानकारी अनुसार उक्त सङ्क्रमण गएका केही हप्ताको तुलनामा अहिले कम हुँदै गएको छ। सोमवार यहाँ ४६ जना सङ्क्रमितको मृत्यु भएको पनि बताइएको छ। जुलाई महीनाको शुरूको हप्तामा यहाँ दैनिक दश हजारजनामा सङ्क्रमण हुने गरेको थियो। तर पछिल्लो समय यो सङ्ख्या घट्दै गएको र अहिले आएर दैनिक करीब दुई हजारजनामा मात्र सङ्क्रमण पाइएको बताइएको छ।

यहाँ कोभिडको सङ्क्रमण शुरू भएको सन् २००० यतादेखि अहिलेसम्म १७ लाखभन्दा बढीमा यो सङ्क्रमण भएको बताइएको छ। यहाँ यो सङ्क्रमणबाट हुने मृत्यु दरमा भने कमी आएको पनि बताइएको छ।

यहाँको स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार यो सङ्क्रमणबाट यहाँका १,९६२ जनाको मात्र निधन भएको छ। रासस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अन्नलाभ | वृष | अलमल |
| मिथुन | धनलाभ | कर्कट | सफलता |
| सिंह | राज्यलाभ | कन्या | रोगभय |
| तुला | व्यापारवृद्धि | वृश्चिक | शत्रुपराजय |
| धनु | सुसमाचार | मकर | भयचिन्ता |
| कुम्भ | मित्रमिलन | मीन | अतिथिआगमन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## क्यानडामा दिनदहाडै प्रहरी अधिकारी मारिए

ओटावा, २९ भदौ/सिन्हवा

चक्कु प्रहारबाट दशजनाले ज्यान गुमाएको र १५ जना घाइते भएको घटना सेलाउन नपाउँदै क्यानडाको सबैभन्दा ठूलो शहर टोरोन्टोमा एकजना प्रहरी अधिकारी गोली प्रहारबाट मारिएका छन्।

गोली प्रहार गरेको आरोपमा एकजना संदिग्धलाई प्रहरीले पक्राउ गरेको छ। घटनामा घाइते भएका अन्य दुईजनालाई अस्पताल भर्ना गरिएको छ। घाइतेको परिचय खुलाइएको छैन। सशस्त्र आक्रमणकारीबाट जोगिन प्रहरीले सर्वसाधारणलाई चेतावनीयुक्त सूचना जारी गरेको थियो। प्रहरीले आक्रमणकारीहरूको खोजी तथा घटनाको अनुसन्धान गरिरहेको बताएको छ। रासस


### राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको

## लिलाम बिक्रीसम्बन्धी सूचना

*प्रथमपटक प्रकाशित मितिः २०७९/५/२९ गते*

उपरोक्त सम्बन्धमा यस बैंकको यस शाखा कार्यालयमा रहेको धेरै लामो समयदेखि प्रयोगमा आएका १०३ थान स्थिर सम्पत्ति र एक थान ATM मेशिन पुरानो भई काम नलाग्ने अवस्थामा रहेकाले तपसिल बमोजिमका शर्तनामाहरू पूरा गरी लिलाम बिक्री गरिने भएको हुँदा इच्छुक सम्बन्धित सबैलाई छुट्टाछुट्टै दरभाउपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तनामाहरूः**

१. उक्त स्थिर सम्पत्ति र मेशिन यस शाखामा जेजस्तो अवस्थामा छन्, सोही ठाउँबाट सोही अवस्थामा न्यूनतम मूल्य क्रमशः रु ७६,५२८/४४ (छयत्तर हजार पाँच सय अट्ठाइस र पैसा चौवालीस मात्र) र रु १५,०००/– (पन्ध्र हजार मात्र)मा नघट्ने गरी लिलाम बिक्री हुनेछ।
२. छुट्टाछुट्टै दरभाउपत्र यस शाखा कार्यालयबाट निश्शुल्क प्राप्त हुनेछन्।
३. आफूले लिन चाहेको अधिकतम मूल्य छुट्टाछुट्टै दरभाउपत्रमा उल्लेख गरी यसै शाखा कार्यालयमा नै गोप्यरूपमा पेश गर्नुपर्नेछ।
४. लिलाम वा बिक्रीमा फर्म/व्यक्ति/कम्पनी सहभागी हुन सक्नेछन्।
५. लिलाम वा बिक्रीका लागि स्थिर सम्पत्ति र ATM मेशिनबाहेक अन्य कुनै पनि उपकरण बिक्री गरिनेछैन।
६. लिलाम बिक्रीका लागि यस कार्यालयबाट १५ दिने सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित मितिले १५ दिनभित्रमा छुट्टाछुट्टै दरभाउपत्र पेश गरिसक्नुपर्नेछ।
७. गोप्य शिलबन्दी दरभाउपत्रहरू १६औं दिनमा प्रतिनिधिहरूको रोहबरमा सम्बन्धित शाखा कार्यालयमा नै खोलिनेछ। १६औं दिनमा सार्वजनिक बिदा परेमा कार्यालय खुल्ने अर्को दिन सो कार्य हुनेछ।
८. कबोल गरिएको सम्पूर्ण रकम बुझाएपछि मात्र सामानहरू उठाउन दिइनेछ। सो सामान सात दिनभित्र उठाइसक्नुपर्नेछ।
९. सबैभन्दा बढी मूल्य पेश हुन आउने दरभाउपत्र नै स्वीकृत हुने हुँदा सो पेश गर्ने फर्म/व्यक्ति/कम्पनीलाई नै सो मेशिन उपलब्ध गराइनेछ।
१०. स्थिर सम्पत्ति र ATM मेशिन लैजाँदा लाग्ने सम्पूर्ण खर्च दरभाउपत्र स्वीकृत हुने फर्म/व्यक्तिले नै बेहोर्नुपर्नेछ।

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
शाखा कार्यालय, वीरगंज


# खेलकूदको संसार

## पर्सागढी गोल्डकप : टाइब्रेकरबाट वीरगंज विजयी

प्रस, पर्सागढी, २८ भदौ/

पर्सागढी युवा स्पोर्ट्स क्लब, पकडिया बडनिहारद्वारा आयोजित पर्सागढी नगरपालिका वडा नं ३ को खेलमैदान मा




तस्वीरः प्रतीक

जारी दोस्रो पर्सा फूटबल गोल्डकप प्रतियोगिताको चौथो दिनको खेलमा टाइब्रेकरबाट एक गोलअन्तरले वीरगंज युथ एकेडेमी विजयी भएको छ।

बङ्गेमाई युवा क्लब, सुपौलीले पहिलो मध्यान्तरको १०औं मिनेटमा जर्सी नं ७ का मण्डल चौधरीले पहिलो गोल गरेका थिए भने वीरगंज युथ एकेडेमीले ३२औं मिनेटमा जर्सी नं २३ का आदित्य वाक्यले दोस्रो गरी खेल बराबरीमा ल्याएका थिए।

खेलको दोस्रो मध्यान्तरको निर्धारित समयसम्म दुवै टीमले गोल गर्न नसकेपछि खेल टाइब्रेकर पुगेको थियो। टाइब्रेकरमा वीरगंजले पाँच गोल गर्न सफल भयो थियो भने बङ्गेमाईले चार गोल गरेको थियो।


## सर्पको टोकाईबाट बचौं र बचाऔं

- सर्पले टोकेको व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरून्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक)तिर नलागौं,
- आफ्नो नजीकको सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## बाँसघारीमा लुकाइएको गोलिया बरामद

नरेश यादव, पर्सागढी, २८ भदौ/

सबडिभिजन वन कार्यालय, मधुवन मथवल बडनिहारको गस्ती टोलीले मङ्गलवार बिहान पर्सागढी नगरपालिका–३ बडनिहारस्थित बाँसघारीबाट एउटा सालको गोलिया बरामद गरेको छ।

मुसहरबस्तीनजीकै बाँसघारीमा लुकाएको सालको तीन फिटको गोलिया बरामद गरिएको वनकर्मी जीतबहादुर तामाङले बताएका छन्।

राष्ट्रिय जङ्गलबाट चोरी गरी राखिएको सो काठ सूचनाको आधारमा बरामद गरी सबडिभिजन वन कार्यालय, बडनिहारमा राखिएको वनकर्मी तामाङले बताए।


Make your stay with us is a
*memorable experience*



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## दुर्घटनामा वृद्धको मृत्यु, एकजना घाइते

प्रस, वीरगंज, २८ भदौ/

वीरगंज महानगरपालिका–२५ अलौं सडकखण्डमा मङ्गलवार बिहान दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

बा.२ज्ञ ४०२० नम्बरको एम्बुलेन्सले प्रदेश २–०३–०१२प५६०९ नम्बरको मोटरसाइकललाई ठक्कर दिंदा सखुवाप्रसौनी गाउँपालिका–४ बस्ने ४० वर्षीय जुमद्दीन देवान र ७० वर्षीय फजिल देवान घाइते भएका थिए।

वडा प्रहरी कार्यालय, श्रीपुरले घाइते दुवैजनालाई उपचारको लागि एलएस न्यूरो अस्पताल पठाएकोमा वृद्ध फजिलको उपचारको क्रममा मृत्यु भएको जिप्रका, पर्साले जनाएको छ।

प्रहरीले एम्बुलेन्स चालक वीरगंज–१९ बस्ने ४० वर्षीय जियालाल यादवलाई पक्राउ गरेको छ भने घटनाबारे अनुसन्धान भइरहेको जिप्रका, पर्साले जनाएको छ।

### मोटरसाइकल दुर्घटनामा.....

जनकपुरमा उपचार भइरहेको छ। घाइतेमध्ये पैदलयात्री रमेशको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ।

राति करीब ९ बजे प्रदेश २–०१–००३प६८५६ नम्बरको मोटरसाइकलले पैदलयात्रीलाई ठक्कर दिएर सडकमा लडेको थियो।

दुवै घटनाका मोटरसाइकल नियन्त्रणमा रहेको सम्बन्धित प्रहरी एकाइले जनाएको छ।


भदौं २९ देखि
आजै दराज एप डाउनलोड गर्नुहोस्
Daraz
दशैं धमाका
Exclusive Partner POND'S
खुशी बाँडौ दराजको साथ
Apple iPhone 11 A13 Bionic Chip 128 GB
Rs. 79,990 Rs.84,990
Collect Voucher Worth Rs. 5,000
Macbook Air M2 8GB 256 SSD
Rs. 1,82,999 Rs.1,95,000
Collect Voucher Worth Rs. 8,000
Mi 55 inch 4K Smart Android TV
Rs. 78,399 Rs.89,999
Collect Voucher Worth Rs. 5,000
Q&U Furniture Queen Size Bed
Rs. 18,500 Rs.35,888
Collect Voucher Worth Rs. 1,500
Adidas Black Duramo 9 Running Shoes For Men
Rs. 6,273 Rs.9,890
Collect Voucher Worth Rs. 850
Aamayra Fashion House Sea Green Printed Kurti Set
Rs. 2,500 Rs.5,400
Collect Voucher Worth Rs. 250
SAMSUNG
Galaxy A13
Awesome is for everyone
स्क्यान गरौं फोन जितौं
महा बम्पर उपहार
NIU
Daraz Mart
Order दिनुहोस् आराम गर्नुहोस्
महा दक्षिणा
रु. १०,०००/- सम्मको भाउचर
खेल एक रुपैंयाको
यति एयरलाइन्सको टिकट जित्ने मौका
Exclusive Brand Partners
७०% सम्म छुट
Payment Partners
डेबिट कार्ड मार्फत १५% (अधिकतम रु. २,०००) सम्मको छुट | क्रेडिट कार्ड मार्फत २०% (अधिकतम रु. २,५००) सम्मको छुट
Daraz